# सिस्ने गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड:९ सख्या: ९ गाउँकार्यपालिकाबाट पारित मिति: २०८३।०४।०८


# भाग-२

## सिस्ने गाउँपालिका फोहोर मैला व्यवस्थापन कार्यविधि, २०८३

**प्रस्तावनाः**

नेपालको संविधानले स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारलाई मौलिक अधिकारको रूपमा प्रत्याभूत गरेको छ। सभ्यताको महत्वपूर्ण मापदण्ड सरसफाइ र स्वच्छ वातावरण भएको हुँदा जनस्वास्थ्य र प्रदूषणमुक्त वातावरण कायम राख्न सिस्ने गाउँपालिका क्षेत्रको सरसफाइ र फोहोर मैला व्यवस्थापन अनिवार्य पक्षको रूपमा रहेको छ।

बढ्दो बजारीकरण, आयातित/प्याक गरिएका खाद्यान्नको प्रयोग र विकास निर्माणका कारण सिस्ने गाउँपालिका क्षेत्रभित्र फोहोर मैला उत्पादनमा वृद्धि भइरहेकोले; नागरिकमा फोहोर व्यवस्थापन तथा सरसफाइ सम्बन्धी सकारात्मक सोच र व्यवहारमा परिवर्तन ल्याउन, विद्यालय तहका पाठ्यपुस्तकमा सरसफाइ सचेतना समावेश गर्न, फोहोरको स्रोतमै पृथकीकरण (वर्गिकरण) गर्न, अस्पतालजन्य, औद्योगिक, रासायनिक तथा प्लाष्टिकजन्य फोहोरको सुरक्षित व्यवस्थापन गर्न, र फोहोर व्यवस्थापनमा निजी क्षेत्र, टोल विकास संस्था, आमा समूह तथा

नागरिक समाजको सहभागिता सुनिश्चित गर्दै शून्य फोहोर व्यवस्थापन (Zero Waste) तर्फ उन्मुख हुन स्पष्ट कानुनी एवं कार्यगत ढाँचाको आवश्यकता देखिएकाले;

नेपालको संविधानको धारा २२१ र २२६, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा फोहोर मैला व्यवस्थापन ऐन, २०६८ बमोजिम सिस्ने गाउँपालिकाको गाउँ कार्यपालिकाले यो **"फोहोर मैला व्यवस्थापन कार्यविधि, २०८३"** स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद — १

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम **"सिस्ने गाउँपालिका फोहोर मैला व्यवस्थापन कार्यविधि, २०८३"** रहेको छ।

(२) यो कार्यविधि सिस्ने गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि सम्पूर्ण गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ।

### २. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,—

(क) **"फोहोर मैला"** भन्नाले घरेलु फोहोर, औद्योगिक फोहोर, रासायनिक फोहोर, स्वास्थ्य संस्थाजन्य फोहोर वा हानिकारक फोहोर सम्झनु पर्छ। यस शब्दले तत्काल प्रयोगमा आउन नसक्ने गाडी मर्मत तथा धुलाईबाट निस्कने फोहोर, बजार/हाटबाट निस्किएका सडेगलेका वस्तु, ग्यास, धुवाँ, धुलो, लेदो, विद्युतीय एवं सूचना प्रविधिका सामाग्री (E-waste), अनधिकृत रूपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर/पम्पलेट र प्रचलित कानुनले फोहोर भनी तोकेका अन्य वस्तुहरूलाई समेत जनाउँछ।

(ख) **"गाउँपालिका"** भन्नाले सिस्ने गाउँपालिका सम्झनु पर्छ।

(ग) **"कार्यपालिका"** भन्नाले सिस्ने गाउँ कार्यपालिका सम्झनु पर्छ।

(घ) **"औद्योगिक फोहोर मैला"** भन्नाले उद्योग, कलकारखाना, साना तथा घरेलु उद्योगबाट निष्कासन हुने प्रदूषणयुक्त फोहोर मैला सम्झनु पर्छ।

(ङ) **"हानिकारक फोहोर मैला"** भन्नाले वातावरण र मानव वा अन्य प्राणीको स्वास्थ्यमा तत्काल वा दीर्घकालीन रूपमा क्षति पुऱ्याउने विकिरणयुक्त वा विषालु पदार्थ सम्झनु पर्छ।

(च) **"स्वास्थ्य संस्थाजन्य फोहोर मैला"** भन्नाले अस्पताल, स्वास्थ्य चौकी, क्लिनिक, फार्मेसी, प्रयोगशाला (Lab), वा भेटेरिनरी/पशु स्वास्थ्य केन्द्रबाट निस्कने फोहोर सम्झनु पर्छ।

(छ) **"न्यूनीकरण"** भन्नाले प्रविधि, पुनः प्रयोग वा व्यवहार परिवर्तनद्वारा फोहोरको परिमाण घटाउने कार्य सम्झनु पर्छ।

(ज) **"निष्कासन"** भन्नाले फोहोर मैला उत्पादन भएको ठाउँबाट तोकिएको संकलन केन्द्र वा सवारी साधनमा राख्ने वा फाल्ने कार्य सम्झनु पर्छ।

(झ) **"पुनःचक्रीय प्रयोग (Recycle)"** भन्नाले फोहोरलाई प्रशोधन गरी पुनः कच्चा पदार्थ वा उपयोगी वस्तुमा रूपान्तरण गर्ने प्रक्रिया सम्झनु पर्छ।

(ञ) **"विसर्जन"** भन्नाले फोहोर मैलाको अन्तिम सुरक्षित विसर्जन वा नष्ट गर्ने कार्य सम्झनु पर्छ।

## परिच्छेद - २

## फोहोर मैला उत्पादन, सङ्कलन, न्यूनीकरण तथा निष्कासन सम्बन्धी व्यवस्था

### ३. गाउँपालिकाको मुख्य जिम्मेवारीः

(क) गाउँपालिका क्षेत्रभित्र संकलित फोहोरको ढुवानी, प्रशोधन केन्द्र, कम्पोष्ट प्लान्ट, बायोग्यास प्लान्ट, ल्यान्डफिल साइट वा विसर्जन स्थल निर्माण र सञ्चालन गर्ने मुख्य दायित्व गाउँपालिकाको हुनेछ।

(ख) सार्वजनिक ठाउँ, सडक, गल्ली र ढल सफाई गरी जम्मा भएको फोहोरको उचित व्यवस्थापन गर्ने पूर्ण अधिकार गाउँपालिकामा रहनेछ।

(ग) स्वास्थ्य संस्था, उद्योग वा व्यावसायिक प्रतिष्ठानबाट निस्कने हानिकारक एवं औद्योगिक फोहोरको प्रशोधन तथा व्यवस्थापन गर्ने प्राथमिक दायित्व सम्बन्धित उत्पादक/संस्थाको हुनेछ।

(घ) कुनै संस्था वा उद्योगले शुल्क बुझाई गाउँपालिकाको प्रशोधन केन्द्र वा विसर्जन स्थल प्रयोग गर्न मागेमा तोकिएको सेवा शुल्क लिई गाउँपालिकाले सो सुविधा उपलब्ध गराउन सक्नेछ।

### ४. फोहोर मैलाको न्यूनीकरण र स्रोतमै पृथकीकरण (Classification):

(क) प्रत्येक घरधुरी, पसल, व्यवसाय तथा संस्थाले उत्पादन हुने फोहोरको परिमाण यथासक्य कम (Reduce) गर्नु पर्नेछ।

(ख) गाउँपालिकाले तोके अनुसार फोहोरलाई मूलतः तीन भागमा वर्गीकरण गरी छुट्टाछुट्टै भाँडोमा राख्नु पर्नेछः

१. **जैविक (सड्ने फोहोर):** भान्साको फोहोर, तरकारी/फलफूलका बोक्रा, खानाका जुठा आदि।

२. **अजैविक (नसड्ने फोहोर):** प्लास्टिक, काँच, धातु, कागज, बोतल आदि।

३. **हानिकारक/विशेष फोहोर:** सीसा, सिरिन्ज, पुराना औषधि, ब्याट्री, रासायनिक पदार्थ आदि।

(ग) वर्गीकरण नगरिएको वा मिसाइएको फोहोर संकलक सवारी/कर्मचारीले संकलन गर्न अस्वीकार गर्न सक्नेछ।

**५. फोहोर निष्कासन र सरसफाइ अनुशासन:**

(क) फोहोर निष्कासन गर्ने समय, स्थान र तरिका गाउँपालिका वा फोहोर संकलक निकायले तोके बमोजिम हुनेछ।

(ख) सडक, फुटपाथ, सार्वजनिक नाली वा खोला किनारमा भवन निर्माण सामाग्री राख्न पाइने छैन। राख्नै परेमा गाउँपालिका वा वडा कार्यालयबाट पूर्वस्वीकृति लिई तोकिएको शुल्क बुझाउनु पर्नेछ।

(ग) अटो वर्कसप, मर्मत सेन्टर, ग्रिल उद्योग तथा कवाडी व्यवसायीले कालो/प्रदूषित तेल, मोबिल वा लेदो नाली वा सडकमा पठाउन पाउने छैनन्। उनीहरूले आफ्नै परिसरभित्र सोक्ता (Soak Pit) वा फिल्टर ट्याङ्की बनाउनु पर्नेछ।

(घ) ठेलागाडा, साना व्यवसायी र हाटबजारका व्यापारीहरूले आफ्नो व्यवसाय स्थल वरपर अनिवार्य रूपमा फोहोर संकलन गर्ने भाँडो (Dustbin) राख्नु पर्नेछ।

**६. पशुपन्छी पालन र शौचालय लेदो व्यवस्थापन:**

(क) व्यावसायिक कुखुरा पालन, बाख्रा/सुँगुर/बाङ्गुर वा गाईभैंसी फार्म सञ्चालन गर्दा छिमेकीलाई दुर्गन्ध वा प्रदूषण नहुने गरी तोकिएको मापदण्ड पालना गरी सरसफाइको सदस्यता लिनुपर्नेछ।

(ख) मरेका घरपालुवा वा छाडा पशुपन्छीलाई सार्वजनिक स्थल, खोलानालामा फाल्न पूर्ण रूपमा प्रतिबन्ध लगाइएको छ। पशुधनीले आफ्नै जग्गामा खाल्डो खनी विसर्जन गर्नु पर्नेछ वा गाउँपालिकाको टोली बोलाई तोकिएको शुल्क बुझाउनु पर्नेछ।

(ग) शौचालयको सेफ्टी ट्याङ्की वा लेदो सोझै सार्वजनिक ढल, नदी, खोला वा सार्वजनिक जग्गामा मिसाउन पाइने छैन। सेफ्टी ट्याङ्की सफा गर्ने प्रयोजनका लागि सूचीकृत सक्सन ट्याङ्करको मात्र प्रयोग गर्नुपर्नेछ।

<u>परिच्छेद - ३</u>

## फोहोर मैला व्यवस्थापन स्थल (Processing & Disposal Site)

### ७. विसर्जन तथा प्रशोधन स्थल सम्बन्धी व्यवस्थाः

(क) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र संकलित फोहोर प्रशोधन, कम्पोस्टिङ र अन्तिम विसर्जनका लागि वातावरणीय अध्ययनका आधारमा स्थान तोक्नेछ।

(ख) आवश्यक परेमा गाउँपालिकाले निजी जग्गा खरिद वा भाडामा लिन वा छिमेकी स्थानीय तहहरूसँग अन्तर-स्थानीय तह साझेदारी (Inter-Local Partnership) गरी संयुक्त व्यवस्थापन स्थल सञ्चालन गर्न सक्नेछ।

(ग) गाउँपालिकाको पूर्वस्वीकृति वा अनुमति पत्र बिना कुनै पनि अनधिकृत व्यक्ति वा सवारी साधन फोहोर विसर्जन तथा प्रशोधन स्थलमा प्रवेश गर्न पाउने छैन।

(घ) अनुमति नलिई प्रवेश गरेमा पहिलो पटक रु. १,०००/-, दोस्रो पटक रु. २,०००/- र पटक-पटक उल्लङ्घन गरेमा ढुवानी साधन जफत गर्न सकिनेछ।

<u>परिच्छेद - ४</u>

## सार्वजनिक-निजी साझेदारी र सेवा शुल्क

### ८. निजी क्षेत्र तथा सङ्घ संस्थाको संलग्नताः

(क) गाउँपालिकाले फोहोर संकलन, ढुवानी, प्रशोधन वा पुनःचक्रीय प्रयोगका लागि सार्वजनिक-निजी साझेदारी (PPP) मोडल अन्तर्गत प्रतिस्पर्धा गराई अनुभवी निजी क्षेत्र, टोल विकास संस्था, वा सहकारीलाई जिम्मेवारी दिन सक्नेछ।

(ख) माथि जुनसुकै कुरा उल्लेख भएतापनि निजि क्षेत्रको प्रयाप्त आक्रषण नदेखिएमा सुचिकरण भएका संस्थाहरुबाट सोझै सम्झौता गर्न बाधा पर्ने छैन।

### ९. अनिवार्य सरसफाइ सदस्यता र सेवा शुल्कः

(क) गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण घरधुरी, पसल, होटल, उद्योग, सरकारी तथा गैरसरकारी कार्यालय, विद्यालय र संस्थाहरूले अनिवार्य रूपमा सरसफाइ सेवाको सदस्यता लिनु पर्नेछ।

(ख) व्यवसाय दर्ता, नवीकरण, वा भवन निर्माण सम्पन्न/नक्सापास प्रमाणपत्र लिंदा सरसफाइ सदस्यता वा चुक्ता प्रमाण पेस गर्नु अनिवार्य हुनेछ।

(ग) गाउँपालिका वा स्वीकृत प्राप्त ठेकेदार/संस्थाले गाउँ कार्यपालिकाबाट स्वीकृत दररेट अनुसार मासिक वा वार्षिक सरसफाइ सेवा शुल्क असुल गर्नेछ।

## परिच्छेद – ५

## कसूर, सजाय तथा पुरस्कार

### १०. कसूर सम्बन्धी व्यवस्थाः

देहायका कार्य गरेमा यस कार्यविधि अनुसार कसूर गरेको मानिनेछः

(क) तोकिएको समय र स्थान बाहेक जथाभावी सार्वजनिक ठाउँ, सडक, गल्ली वा खोला किनारमा फोहोर फालेमा।

(ख) फोहोर संकलन कन्टेनर, डस्टबिन वा संरचना तोडफोड गरेमा वा क्षति पुऱ्याएमा।

(ग) स्रोतमै फोहोरको वर्गीकरण नगरी मिसाएर फोहोर निष्कासन गरेमा।

(घ) अस्पतालजन्य, औद्योगिक वा रासायनिक फोहोर साधारण फोहोरमा मिसाएमा वा जथाभावी विसर्जन गरेमा।

(ङ) मरेका पशुपन्छी सार्वजनिक ठाउँमा फालेमा वा शौचालयको लेदो नाली/खोलामा छाडेमा।

(च) गाउँपालिकाले प्रतिबन्ध लगाएका प्लास्टिक वा सामग्रीको प्रयोग वा बिक्री वितरण गरेमा।

### ११. सजाय तथा जरिवानाको दरः

यस कार्यविधि विपरीत हुने गरी फोहोर मैला निष्कासन, विसर्जन वा व्यवस्थापन गर्ने व्यक्ति, संस्था वा निकायलाई कसूरको प्रकृति हेरी देहाय बमोजिम जरिवाना तथा कानुनी कारबाही गरिनेछः

(१) घरेलु वा साधारण फोहोर जथाभावी निष्कासन गरेमाः

- पहिलो पटकः रु. १,०००/- (एक हजार) देखि रु. ५,०००/- (पाँच हजार) सम्म जरिवाना हुनेछ।
- दोस्रो पटकः रु. ५,०००/- (पाँच हजार) देखि रु. १०,०००/- (दस हजार) सम्म जरिवाना हुनेछ।
- थप कारबाहीः उक्त फोहोर सङ्कलन तथा व्यवस्थापन गर्दा लागेको वास्तविक खर्च कसूरदारबाटै असुलउपर गरिनेछ।

(२) व्यावसायिक, औद्योगिक वा स्वास्थ्य संस्थाजन्य हानिकारक फोहोर जथाभावी फालेमाः

- पहिलो पटकः रु. १५,०००/- (पन्ध्र हजार) देखि रु. २५,०००/- (पच्चीस हजार) सम्म जरिवाना हुनेछ।
- दोस्रो पटकः रु. २५,०००/- (पच्चीस हजार) देखि रु. ५०,०००/- (पचास हजार) सम्म जरिवाना हुनेछ।
- थप कारबाहीः सम्बन्धित व्यवसायको दर्ता/इजाजतपत्र रद्द गर्न वा व्यवसाय सञ्चालनमा पूर्ण रोक लगाई बन्द गर्न सकिनेछ।

(३) शौचालयको लेदो वा दूषित पानी ढल/खोलामा छाडेमाः

- पहिलो पटकः रु. १०,०००/- (दस हजार) सम्म जरिवाना हुनेछ।
- दोस्रो पटकः रु. २०,०००/- (बीस हजार) सम्म जरिवाना हुनेछ।
- थप कारबाहीः सो कार्यबाट भएको प्रदूषण सरसफाइ गर्दा लागेको सम्पूर्ण खर्च कसूरदारबाटै असुलउपर गरिनेछ।

(४) फुटपाथ व्यवसाय गरी सडक, पेटी वा नाली प्रदूषित गरेमाः

- पहिलो पटकः रु. ५००/- (पाँच सय) जरिवाना हुनेछ।
- दोस्रो पटकः रु. १,०००/- (एक हजार) जरिवाना हुनेछ।
- थप कारबाहीः सम्बन्धित व्यवसायीको व्यावसायिक सामाग्री तथा सामान जफत गरिनेछ।

स्पष्टीकरणः

जरिवाना तथा सजाय तोक्ने अन्तिम अधिकार गाउँपालिकाको वातावरण/सरसफाइ शाखा प्रमुख र प्रमुख प्रशासकीय अधिकृतमा रहनेछ।बारम्बार कसूर दोहोऱ्याउने वा गम्भीर प्रकृतिको क्षति पुऱ्याउने व्यक्ति वा संस्थालाई थप कानुनी कारबाहीका लागि प्रमुख जिल्ला अधिकारी समक्ष सिफारिश गरी पठाउन सकिनेछ।

## १२. पुरस्कार तथा प्रोत्साहनः

(क) फोहोर व्यवस्थापनमा नवीन प्रविधि/अवधारणा लागू गर्ने वा शून्य फोहोर (Zero Waste) कायम गर्ने वडा, टोल विकास संस्था, विद्यालय वा संस्थालाई गाउँपालिकाले वार्षिक रूपमा नगद तथा प्रमाण पत्रद्वारा सम्मानित गर्नेछ।

(ख) जथाभावी फोहोर फाल्ने व्यक्तिको बारेमा प्रमाण (फोटो/भिडियो) सहित सूचना दिने व्यक्तिलाई सूचनाको आधिकारिकता हेरी उठाइएको जरिवानाको निश्चित प्रतिशत रकम नगद पुरस्कार दिइनेछ।

(ग) सरसफाइ शाखाबाट जरिवाना वापत संकलन भएको रकमको ३० प्रतिशत रकम सरसफाइ क्षेत्रमा खटिने सफाइ कर्मचारीहरूलाई प्रोत्साहन/पुरस्कार स्वरूप वितरण गर्न सकिनेछ।

<u>परिच्छेद – ६</u>

**अनुगमन तथा विविध**

**१३. अनुगमन तथा निरीक्षणः**

गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा वा वातावरण तथा विपद् व्यवस्थापन समितिको नेतृत्वमा नियमित अनुगमन टोली गठन हुनेछ। उक्त टोलीले बजार, उद्योग, अस्पताल तथा बस्तीहरूको आकस्मिक अनुगमन गरी कार्यविधि पालना भए/नभएको निरीक्षण गर्नेछ।

**१४. प्रचलित कानुन बमोजिम हुनेः**

यस कार्यविधिमा उल्लेख नभएका विषयहरूको हकमा फोहोर मैला व्यवस्थापन ऐन, २०६८, वातावरण संरक्षण ऐन, २०७६ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम हुनेछ।

आज्ञाले

डिल्ली खड्का

प्रमुख प्रशासकिय अधिकृत